जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ ✵ अंक : २२९ ✵ २०८२ साल चैत्र ०१ गते, आईतबार ✵ Sunday, Mar.– 15 2026 ✵ मूल्य रु. ५/- पृष्ठ : ४

## असिनापानी र हावाहुरीले बारामा बालीनालीमा ठूलो क्षति, किसान राहतको पर्खाइमा

***संवाहक सम्वादाता-३०फागुन, कलैया***

शुक्रबार साँझ आएको असिनापानी र हावाहुरीका कारण बाराका विभिन्न क्षेत्रमा लगाइएका बालीनालीमा ठूलो क्षति पुगेको छ। गहुँ, मकै, मसुरो लगायतका बालीसँगै आँपका बोटमा पनि व्यापक नोक्सानी भएको किसानहरूले बताएका छन्।

किसानका अनुसार गहुँमा वाला लागिसकेको र मकैमा घोगा लाग्ने अवस्थामा रहेका बाली असिनापानी र हावाहुरीका कारण खेतमै ढलेका छन्। दाइँको तयारीमा रहेका तेलहन तथा दलहन बाली–मसुरो, आलस, केराउ, मटरलगायतमा पनि क्षति पुगेको छ। रहरको फूल तथा छिमीसमेत असिनाले झारेको किसानहरूको भनाइ छ।

महागढीमाई नगरपालिका-९ पिप्राविर्ताका किसान रामेश्वर दास का अनुसार तीन विगाहा क्षेत्रफलमा लगाइएको गहुँबाली तथा १० कठ्ठामा रहेको मकैबालीमा क्षति पुगेको छ। त्यस्तै १० कठ्ठामा रहेको आँपको बगैंचामा पनि फूल र मझ्कार झरेर नोक्सानी भएको उनले बताए। किसान रामजी दास ले दुई विगाहा



गहुँबालीमा क्षति पुगेको जानकारी दिए भने अर्का कृषक शंकर दास ले डेढ विगाहा गहुँबालीमा ठूलो नोक्सानी भएको बताएका छन्। कञ्चनपुर निवासी नागेन्द्र कुश्वाहा को १० कठ्ठा खेतमा लगाइएको बालीमा पनि क्षति पुगेको छ। किसान बैधनाथ सहनी लगायत सयौँ किसानका खेतमा लगाइएका बालीनालीमा असर परेको स्थानीयले बताएका छन्। यसैबीच कलैया उपमहानगरपालिका, सिम्रौनगढ नगरपालिका, सुवर्ण गाउँपालिका र फेटा गाउँपालिका लगायत क्षेत्रमा पनि कम-बेसी क्षति पुगेको स्थानीय कृषकहरूले बताएका छन्। साथै पर्सा जिल्ला र रौतहट जिल्ला का केही स्थानमा पनि बालीमा नोक्सानी भएको जनाइएको छ। यस विषयमा उपेन्द्र प्रसाद यादव, महागढीमाई नगरपालिका का नगरप्रमुखले पालिकाभित्र भएको क्षतिको विवरण संकलन गर्ने काम सुरु गरिएको बताएका छन्। उनका अनुसार वास्तविक क्षतिको तथ्यांक संकलनपछि प्रभावित किसानलाई राहत उपलब्ध गराइनेछ। उनले पालिकाभित्र जति क्षति भएको भए पनि किसानलाई सहयोग गर्ने तयारी भइरहेको बताए। असिनापानी र हावाहुरीका कारण ठूलो क्षति भएपछि किसानहरूले सरकारले यथाशीघ्र राहत उपलब्ध गराउन माग गरेका छन्।

## जनकपुरमा बालेनको सम्बोधनले मधेश प्रदेशमा अधिकार प्राप्तिको आशा जगायो: मुख्यमन्त्री यादव

***जनकपुरधाम, फागुन ३० -***

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरमा रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको अभिव्यक्तिले प्रदेशमा अधिकार प्राप्तिको आशा जागाएको बताएका छन्। शनिबार बिहान मधेश प्रदेश प्रहरी कार्यालयको व्यारेक तथा भान्छा घर भवनको निर्माणको शिलान्यास गर्दै मुख्यमन्त्री यादवले बालेनको विचार स्मरण गर्दै अब अधिकार माग्न होइन, अधिकार पाउन आशा गर्न सकिने बताए।

मुख्यमन्त्री यादवले फागुन २१ मा सम्पन्न प्रतिनिधि निर्वाचनको परिणाम र बालेन शाहले चुनावताका जनकपुरमा 'काठमाडौं अधिकार होइन, पशुपति दर्शनका लागि आउनुस्' भन्ने अभिव्यक्तिलाई स्मरण गर्दै अब अधिकार आफैं दिने आशा जगाएकोमा खुशी व्यक्त गरे। उनले भने, "अब काठमाडौंमा अधिकार माग्न आउनु पर्दैन, पशुपति दर्शन गर्न आउनु होला भन्ने कुरा सुनेर म खुशी छु। वरिष्ठ



नेता बालेन शाहले यो कुरा नमागी भनेकोमा धन्यवाद।"

यस्तै, मुख्यमन्त्री यादवले संविधान जारी भएको लामो समय बितिसक्दा पनि प्रदेशले संविधानले कल्पना गरेका सबै अधिकार पाएको छैन भन्दै असन्तोष व्यक्त गरे। उनले वर्तमान अवस्थालाई असामान्य ठहराउँदै प्रदेश सरकारसँग आफ्नै प्रहरी प्रशासन नभएको अवस्थाको पनि औँल्याए। "यो प्रहरी प्रशासनबिनाको सरकार हो। विश्वमा कहीँ पनि प्रहरी प्रशासनबिनाको सरकार हुँदैन, तर हाम्रो प्रदेशको अवस्था त्यस्तै छ," उनले भने।

कार्यक्रममा मुख्यमन्त्री यादव र गृहमन्त्री फकिरा महतोले ११ करोड रुपैयाँ लागतमा निर्माण हुने व्यारेक तथा भान्छा घर भवनको संयुक्त रूपमा शिलान्यास गरे। कार्यक्रममा मधेश प्रदेश प्रमुख डीआईजी गोबिन्द थपलिया, प्रहरी अधिकृतहरू र अन्य सरोकारवालाको पनि उपस्थिती रहेको थियो।

बाँकी तेस्रो पृष्ठमा

## विपद् जोखिमको घेरामा बारा, समयमै पूर्वतयारी आवश्यक

***"बारा जिल्लामा असिनापानी र हावाहुरीले किसानको बालीमा ठूलो क्षति पुऱ्याएको छ। गर्मी र वर्षायाममा आगलागी, बाढी र खानेपानी संकट हुने जोखिम बढ्दै गएकोले जिल्ला विपद् व्यवस्थापन समितिसहित सम्बन्धित निकायले पूर्वतयारीमा सक्रिय हुन आवश्यक छ।"***



लेखकः पन्नालाल दास

बारा जिल्ला पछिल्ला वर्षहरूमा विभिन्न प्रकारका प्राकृतिक विपद्को जोखिममा पर्दै आएको छ। शुक्रबार साँझ परेको असिनापानी र हावाहुरीले किसानका बालीनालीमा ठूलो क्षति पुऱ्याएपछि जिल्लामा विपद् व्यवस्थापनका लागि समयमै पूर्वतयारी गर्नुपर्ने आवश्यकता फेरि उजागर भएको छ। असिनापानीका कारण गहुँ, मकै, मसुरो, केराउ, मटरलगायत बालीमा व्यापक क्षति पुगेको किसानहरूले बताएका छन्। धेरै स्थानमा गहुँमा वाला लागिसकेको तथा मकैमा घोगा लाग्ने अवस्थामा रहेका बाली खेतमै ढलेका छन् भने आँपका बगैंचामा फूल र मझ्कार झरेर उत्पादनमा असर पर्ने देखिएको छ। प्रारम्भिक अनुमान अनुसार जिल्लाका विभिन्न पालिकामा सयौँ किसान प्रभावित भएका छन्।

बारा जिल्लामा विपद्को जोखिम केवल असिनापानीमा सीमित छैन। गर्मी र सुख्खा मौसम सुरु भएसँगै ग्रामीण क्षेत्रमा आगलागीका घटना बढ्ने सम्भावना रहन्छ। कच्ची तथा खर-फुसका घर धेरै भएका गाउँहरूमा सानो लापरबाहीले पनि ठूलो आगलागी निम्त्याउने गरेको विगतका घटनाले देखाएका छन्। त्यस्तै वर्षायाम सुरु भएपछि बाढी र डुबानको समस्या पनि दोहोरिने गर्छ। खोलानाला र नदी आसपासका बस्तीहरूमा वर्षेनी पानीको सतह बढ्दा धनजनको क्षति हुने गरेको छ। त्यसैले सम्भावित विपद्को जोखिम कम गर्न समयमै रणनीति र योजना तयार गर्नु आवश्यक देखिएको छ।

गत वर्ष गर्मी मौसममा कलैया उपमहानगरपालिका सहित जिल्लाका विभिन्न स्थानमा खानेपानीको गम्भीर समस्या उत्पन्न भएको थियो। धेरै चापाकल सुक्दा स्थानीय बासिन्दाले पानीको हाहाकार भोग्नुपरेको थियो। त्यस अवस्थामा केही स्थानमा ट्युबवेल गाडेर पानीको व्यवस्था गरिएको थियो भने पचरौता नगरपालिका मा पानी ट्यांकी र ट्यांकरमार्फत आपूर्ति गरिएको थियो। तर दीर्घकालीन योजना अभावका कारण समस्या पूर्ण रूपमा समाधान हुन सकेको छैन।

यस अवस्थालाई मध्यनजर गर्दै जिल्ला विपद् व्यवस्थापन समिति ले समयमै पूर्वतयारी थाल्नु आवश्यक देखिन्छ। समितिका संयोजक प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, स्थानीय तहका प्रमुख तथा सम्बन्धित सरोकारवाला निकायहरूबीच समन्वय गर्दै सम्भावित विपद्को सामना गर्न योजना बनाउनु जरुरी छ। आगलागी नियन्त्रणका लागि आवश्यक उपकरण तयारी, जनचेतना अभियान सञ्चालन, बाढीबाट जोगिने उपाय, सुरक्षित स्थानको पहिचान तथा खानेपानी व्यवस्थापनका दीर्घकालीन योजना अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ।

जलवायु परिवर्तनका कारण असिना, हावाहुरी, चट्याङ र अत्यधिक वर्षाजस्ता घटनाको जोखिम बढ्दै गएको अवस्थामा शुक्रबारको असिनापानीले बारामा सम्भावित विपद्को चेतावनी दिएको रूपमा लिन सकिन्छ। त्यसैले सम्बन्धित निकायले समयमै सक्रियता देखाउँदै पूर्वतयारीमा जुटे मात्रै भविष्यमा हुने धनजनको क्षति कम गर्न सकिने देखिन्छ।

## जीतपुरसिमरामा सार्वजनिक सुनवाइ, सेवा प्रवाहबारे नागरिकका गुनासा

***संवाहक सम्वादाता-३०फागुन, कलैया***

जीतपुरसिमरा उपमहानगरपालिका ले आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। शनिबार नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमरा को प्राङ्गणमा कार्यक्रम गरिएको हो।

कार्यक्रममा सहभागी नागरिकहरूले नगरपालिकाबाट प्रवाह हुने सेवा, विकास निर्माण तथा व्यवस्थापनसम्बन्धी विभिन्न विषयमा प्रश्न र गुनासा राखेका थिए। शिक्षामा लगानी बढे पनि अपेक्षित प्रतिफल नआएको, सामुदायिक विद्यालयमा विभिन्न शीर्षकमा शुल्क लिँदा विद्यार्थीलाई पढाइ निरन्तरता दिन कठिन भएको गुनासो गरिएको थियो।

त्यस्तै स्वास्थ्य सेवा प्रभावकारी




रूपमा नपुगेको, कृषि तथा पशु सेवा गाउँ केन्द्रित हुनुपर्नेमा बजार केन्द्रित हुँदा किसानलाई समस्या भएको पनि नागरिकहरूले बताएका थिए। नगरभित्र फोहोर व्यवस्थापन, अव्यवस्थित तार व्यवस्थापन तथा केही सडक समयमै निर्माण नहुँदा दुर्घटनाको जोखिम बढेको विषय पनि कार्यक्रममा उठाइएको थियो।

यसैबीच कराते प्रशिक्षक सानु बाबु कुर्मी ले खेलकुद क्षेत्रमा पारदर्शिता आवश्यक रहेको बताएका थिए भने ब्राइटर एकेडेमी का विद्यार्थी उत्सव झा ले विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्था गर्न माग गरेका थिए।

बाँकी तेस्रो पृष्ठमा

## समानुपातिकतर्फ एमालेका १६ सांसदको टुङ्गो लाग्यो

***काठमाडौं, फागुन ३० –***

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले प्रतिनिधिसभाको समानुपातिकतर्फ १६ सांसदको नाम टुंगो लगाएको छ। पार्टीको केन्द्रीय सचिवालय बैठकले उक्त सूची अनुमोदन गरेको उपमहासचिव लेखराज भट्ट ले जानकारी दिएका छन्।

निर्णयअनुसार आदिवासी जनजाति समूहबाट उपाध्यक्ष रामबहादुर थापा, कुलभक्त शाक्य, भूमिका सुब्बा र गंगादेवी श्रेष्ठ चयन भएका छन्। खसआर्य महिला समूहबाट पद्मा अर्याल, टुकाभद्रा हमाल र यशोदा कुमारी बराल रहेका छन् भने खसआर्य पुरुषतर्फ गुरु बराल र पुष्प कँडेल चयन भएका छन्।



त्यसैगरी थारू समूहबाट कृपाराम राना थारू, दलित समूहबाट विष्णुमाया बिके र निता घतानी चयन भएका छन्। मधेशी महिला समूहबाट रिङ्ला यादव र यशोदा कुमारी यादव, मधेशी पुरुषबाट चन्देश्वर मण्डल रहेका छन्।

यस्तै मुस्लिम महिला समूहबाट सजिता यादव सिद्दिकीलाई

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......


## असिनापानीले दिएको चेतावनी : तराईका किसान जोगाउने नीति कहाँ छ ?

तराई-मधेशका विभिन्न जिल्लामा शुक्रबार साँझ परेको असिनापानीले किसानको मेहनत एकैछिनमा तहसनहस बनाइदिएको छ। बारा, पर्सा र रौतहटसहितका क्षेत्रमा परेको असिनाले गहुँ, मकै, तेलहन, दलहन, तरकारी तथा फलफूल बालीमा ठूलो क्षति पुऱ्याएको खबरले कृषिमा निर्भर किसानहरूको पीडा झन् गहिरो बनाएको छ। केही मिनेट परेको असिनाले महिनौँको मेहनत र लगानी नष्ट हुनु किसानका लागि अत्यन्त मर्माहत बनाउने घटना हो।

तराईका किसानहरू वर्षभरि मौसमको अनिश्चिततासँग जुधिरहेका हुन्छन्। कहिले खडेरी, कहिले बाढी, कहिले असिनापानीजस्ता प्राकृतिक प्रकोपले उनीहरूको श्रम र लगानी जोखिममा पारिरहेको छ। अहिले पनि गहुँ र मकैमा दाना लागिसकेको बेला आएको असिनाले उत्पादनमा ठूलो गिरावट आउने स्पष्ट संकेत दिएको छ। फलफूलका बगैँचामा लागेको फुल र मोजर झर्नु भनेको आगामी उत्पादनमा प्रत्यक्ष असर पर्नु हो। यस्ता प्राकृतिक विपत्तिपछि किसानलाई राहत र क्षतिपूर्तिको आश्वासन प्रायः दिइन्छ, तर व्यवहारमा त्यसको कार्यान्वयन ढिलो वा अपूरो हुने गरेको अनुभव किसानसँग छ। त्यसैले अहिलेको आवश्यकता केवल सहानुभूति व्यक्त गर्नु मात्र होइन, प्रभावित क्षेत्रको तत्काल यथार्थ मूल्याङ्कन गरी राहत तथा क्षतिपूर्तिको प्रभावकारी व्यवस्था गर्नु हो। स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले समन्वय गरेर किसानको क्षति कम गर्ने ठोस कदम चाल्न जरुरी छ। दीर्घकालीन रूपमा हेर्दा कृषिमा बढ्दो जलवायु जोखिमलाई मध्यनजर गर्दै बाली बीमा, आपतकालीन राहत कोष र वैज्ञानिक कृषि व्यवस्थापनलाई मजबुत बनाउनु आवश्यक छ। किसानले प्राकृतिक प्रकोपका कारण बारम्बार आर्थिक रूपमा धराशायी हुनुपर्ने अवस्था अन्त्य गर्न राज्यले सुरक्षा संयन्त्र तयार पार्नुपर्छ।

कृषि केवल किसानको जीविकामात्र होइन, देशको खाद्य सुरक्षासँग जोडिएको विषय पनि हो। यदि किसान सुरक्षित भएनन् भने कृषि उत्पादन र ग्रामीण अर्थतन्त्र दुवै कमजोर हुन्छ। त्यसैले असिनापानीले दिएको यो चेतावनीलाई गम्भीर रूपमा लिएर राज्यले किसान संरक्षणका नीति र कार्यक्रमलाई अझ प्रभावकारी बनाउन ढिलाइ गर्नु हुँदैन।

# कसरी खर्च भइरहेछ समय



सानासाना आदतमा ध्यान दिएर वर्तमानमा सुधार गर्दै जाने हो भने समयको सदुपयोग मात्र हुने नभई आदत वा बानीमा पनि सुधार आउने गर्छ। निरन्तरताले आदत वा बानी निर्माणका साथै अनुशासित पनि बनाउँछ। समय पालनप्रतिको यही जागरुक र सचेतना नै समयको सदुपयोग हो।



हरिप्रसाद लम्साल

समयलाई परिभाषित गर्न त्यति सजिलो छैन किनकि यो महसुस गर्ने विषय हो। भौतिक शास्त्रमा यो एउटा आयाम हो। न्युटनका अनुसार समय एब्सोलुट हुन्छ र सबै स्थानमा एकनाससँग प्रवाहित हुन्छ। आइन्स्टाइनले समय सापेक्षित भएकाले गति र गुरुत्व बलमा निर्भर हुन्छ भनेका छन्। स्टेफेन हकिन्सनका अनुसार स्पेस जस्तै समय पनि एउटा डाइमेन्सन हो, जहाँ घटनाहरूलाई क्रमबद्ध गरिन्छ। यसरी हेर्दा समय त दुई घटनाबिचको अवधि हो। यो आफैँमा निरन्तर छ र यसमा नियमितता छ। घटनाक्रमलाई बुझ्न र बुझाउनलाई मानिसले समयलाई भूत, वर्तमान र भविष्यमा बाडेँ। यसै गरी सेकेन्ड, मिनेट, घण्टा, दिन, वर्ष आदिमा समयलाई खण्डीकृत गरे। तसर्थ समय एउटा फ्रेम वा ढाँचा हो, जसलाई मानिसले परिवर्तन, कर्म र अस्तित्वसँग जोडेर हेर्ने र बुझ्ने गर्छन्।

***समय सीमित कि असीमित ?***

मानिस मरणशील भए पनि यस धर्तीमा जग्गा, जमिन जस्ता भौतिक पदार्थको निरन्तरता छ। यी त परिवर्तनशील पनि छन् तर समयको भने निरन्तरता छ। समय हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहन्छ। हिजोका मानिस आज छैनन्, भोलि अर्कै हुन्छन्। यसरी हेर्दा समय असीमित छ तर मानिसको आयु अर्थात् जीवन छोटो छ। हरेक मानिससँग समय सीमित छ तर बहुमूल्य छ। यसलाई कसरी प्रयोग गर्छ भन्ने विषयले व्यक्तिको जीवनमा अर्थ राख्छ। एक व्यक्तिको सरदर आयु ७०-७५ वर्ष मान्ने हो भने पनि सुरुका ८-१० वर्ष व्यक्तिलाई थाहा नभई समय बितेको हुन्छ। मानिसले बुझ्ने समय बढीमा ६०-६५ वर्षमात्र हो। यही ६०-६५ वर्षको समयलाई प्रयोग गर्ने कार्यले व्यक्तिगत, सामाजिक र पेसागत जीवनको लय र गति निर्धारण हुने हो। यसलाई जति छिटो मनन गर्न सक्यो, त्यति मात्रामा जीवन अर्थपूर्ण बन्न सक्छ।

***समयसम्बन्धी चेतना***

हामी सबैलाइ बाँचुन्जेल हरेक दिन २४ घण्टा अर्थात् १४४० मिनेट उपलब्ध छ। के हामीले कहिल्यै सोचेका छौँ, यो अमूल्य समय कसरी बितिरहेको छ ? हाम्रो ऊर्जावान् समय उत्पादनमूलक कार्यमा लागेको छ कि व्यर्थै खेर गइरहेको छ होला ? यसको उत्तर खोज्न 'समयको लेखाजोखा' वा गर्नु पर्छ। एक पटक आफ्नै समय बाँडफाँटलाई हेरौँ न। हाम्रा नित्यकर्मलाई लाग्ने समय आफैँमा 'खर्च' भन्दा पनि 'लगानी' नै हुन्। तर पनि यसमा कति समय लागेको छ भनेर थाहा पाउनु पर्छ नै। यसै गरी पत्रपत्रिका अध्ययन र सामाजिक सञ्जाल (फेसबुक, टिकटक आदि) चलाउँदा कति समय बितेको होला ? दिनभरिमा साथीभाइसँगको गफगाफ वा अनावश्यक कुराकानीमा कति घण्टा खर्च भइरहेको छ होला ? घरपरिवारका सदस्यसँगको कुराकानी, व्यक्तिगत अध्ययन वा मनोरञ्जनमा हामीले कति समय छुट्याएका छौँ ? हाम्रो स्वास्थ्यका लागि नभई नहुने 'निद्रा' का लागि कति समय खर्चिरहेका छौँ ? सक्रिय समयमध्ये वास्तवमै कति समय सदुपयोग भएको र कति समय अनुत्पादक कार्यमा खेर गइरहेको होला ? कतै हाम्रो समयको एउटा ठुलो हिस्सा हामीले पत्तै नपाई बालुवामा पानी खन्याए झैँ खेर गइरहेको त छैन ? जीवन भनेकै ससाना समय क्रममा घटित घटना र गतिविधिको योगफल त रहेछ। जबसम्म हामी २४ घण्टाको विस्तृत हिसाब निकाल्दैनौँ, तबसम्म हाम्रो समयको वास्तविक अवस्था खुल्दैन। समय वर्तमान भएकाले हरेकको जीवनमा यसले ठुलो महषव राख्छ।

***समय र वर्तमान***

मानिसका लागि समय भनेकै 'वर्तमान' हो र वर्तमान भनेको प्रत्येक 'क्षण' हो। हामीले हरेक क्षणमा केही न केही अर्थपूर्ण कार्य गर्न सक्यौँ भने मात्र समयको सही सदुपयोग हुन्छ। बितेको समय त हाम्रो हातबाट फुत्किसक्यो, जसको स्मृति वा सम्झना मात्र बाँकी रहन्छ; त्यसलाई हामी पुनः प्रयोग गर्न सक्दैनौँ। त्यस्तै भविष्य भनेको आउन बाँकी समय हो, जसको बारेमा हामी केवल कल्पना वा योजना मात्र बुन्न सक्छौँ तर त्यहाँ पुगेर अहिल्यै काम गर्न सक्दैनौँ। कर्म गर्ने वास्तविक अवसर भनेकै 'वर्तमान' हो। तसर्थ मानिसका लागि वर्तमान नै समय हो।

***समयको सदुपयोग***

हामीले वर्तमानमा के गरिरहेका छौँ त ? कहिले एउटै बैठकमा घण्टौँ अलमलिइरहेका हुन्छौँ, त कहिले सामाजिक सञ्जालको भुलभुलैयामा अनमोल समय खर्चिरहेका हुन्छौँ। त्यति मात्र होइन, कतिपय अनावश्यक कुराकानी र गफगाफमा धेरै समय गइसकेको हुन सक्छ। प्रश्न उठन सक्छ, के मानिस घडीको सुई जस्तै चौबिसै घण्टा मेसिन जस्तै गरी चल्न सक्छ त ? मानिसले यसो गर्न पक्कै सक्दैन र यस्तो गर्न पनि हुँदैन। समयको सदुपयोग भन्नुको अर्थ २४ सै घण्टा काममा मात्र जोतिनु होइन। जीवनको एउटा सर्वमान्य सिद्धान्त अनुसार पनि २४ घण्टामध्ये ८ घण्टा काम (आफ्नो पेसा वा उत्पादनमूलक कार्यका लागि), ८ घण्टा आराम (शरीर र मस्तिष्कलाई पुनर्ताजगी दिनका लागि आराम र निद्रा) अनि बाँकी ८ घण्टा सामाजिक र व्यक्तिगत पक्ष (परिवार, साथीभाइ, समुदाय, मनोरञ्जन एवं व्यक्तिगत रुचिका काम) मा ध्यान चाहिन्छ। एकै पटक धेरै काम गर्ने हाम्रो 'मल्टिटास्किङ' स्वभाव वास्तवमा वैयक्तिक र सामाजिक स्वास्थ्यका लागि लाभदायक छैन। यस्तो बानीले कार्यसम्पादनमा सुधार ल्याउनुको सट्टा झन् ह्रास ल्याउँछ। काममा एकाग्रता पनि ल्याउँदैन्। समय सदुपयोगका लागि हामीमा एकाग्रता (काम गर्दा सम्पूर्ण ध्यान सोही कार्यमा केन्द्रित गर्ने) चाहिन्छ। वैयक्तिक स्वास्थ्यका लागि नियमित पैदल यात्रा (हिँडडुल), परिवारसँगको सार्थक संवाद र पुस्तक अध्ययन एवं स्तरीय संवाद र बौद्धिक गतिविधि समयकै सही सदुपयोगभित्र पर्छन्। समय व्यवस्थापनको दौडमा हामीले अक्सर 'आफ्नै लागि' समय निकाल्न बिर्सिरहेका हुन्छौँ। 'कामको चापमै दिन बित्छ' भन्ने बहानामा हामी आफ्नै व्यक्तिगत, सामाजिक र पेसागत विकासलाई ओझेलमा पारिरहेका हुन्छौँ। वास्तविक प्रगति तब मात्र सम्भव छ, जब हामी आफ्नै लागि समय निकाल्छौँ, आफ्ना गतिविधिको पुनरवलोकन गर्छौं र आफ्ना कमीकमजोरीको निर्मम समीक्षा गर्दै सुधारको बाटो रोज्छौँ।

माथिका सबै कार्य 'वर्तमान' को क्षणमै गरिने साधना हुन्। तसर्थ हामीले आफूलाई 'आफ्नै आँखा' बाट हेर्न सिक्नु पर्छ। अरूको प्रशंसा वा आलोचनामा मात्र आधारित भएर गरिएको आत्म मूल्याङ्कन सधैँ अधुरो र अपूर्ण हुन्छ। त्यसैले आफ्नो बारेमा गरिने समीक्षालाई 'लेखेर' अभिलेख राख्न सके, त्यसले जीवनलाई अझ प्रस्ट र अनुशासित दिशा प्रदान गर्छ। वर्तमानमा रहनु भनेको आफू वरपर घटित भइरहेका साना कार्यको सूक्ष्म अवलोकन गर्नु हो, तिनलाई साक्षी भावले हेर्न सक्ने बन्नु हो। कमी कमजोरी भएका स्थानमा तत्काल सुधार गर्न लाग्नु हो। मार्क ट्वेनले कुनै सन्दर्भमा अगाडि जानका लागि गोप्य सूत्र भनेकै कामको सुरुवात गर्नु हो भने। केही काम गर्छु भनेर सोचिरहनुभन्दा केही काम गर्न सुरु गर्नु महषवपूर्ण हुन्छ। उदाहरणका लागि दिनको एक पेज मात्र अध्ययन वा पढ्न सके एक महिनामा ३० पेज हुन्छ भने वर्षमा ३६५ पेज हुन्छ। त्यस्तै आधा पेज मात्र लेख्न सके वर्षभरिमा १८२ पेज तयार हुन्छ। त्यस्तै दिनमा ५०० स्टेप हिँड्न सके वर्ष दिनमा कति होला ? यस्ता सानासाना आदतमा ध्यान दिएर वर्तमानमा सुधार गर्दै जाने हो भने समयको सदुपयोग मात्र हुने नभई आदत वा बानीमा पनि सुधार आउने गर्छ। निरन्तरताले आदत वा बानी निर्माणका साथै अनुशासित पनि बनाउँछ। समय पालनप्रतिको यही जागरुक र सचेतना नै समयको सदुपयोग हो।

***समयको सदुपयोग कसरी गर्ने त ?***

वंप्रथम त अहिले समय खर्च भइरहेको छ भनेर समय अडिट गर्नु पर्छ। डायरी राख्ने कार्यले समय अडिटलाई सजिलो बनाउँछ। जब समय के कस्ता कार्यमा खर्च भइरहेको छ भन्ने पत्ता लाग्छ, अनि समय बचत गर्न सकिने क्षेत्र वा कार्य पहिचान गर्न सकिन्छ। बचत गरिएको समय अर्को राम्रो काममा लगाएपछि सुधार सुरु हुन्छ।

गीतामा श्रीकृष्णले अर्जुनलाई सदैव जागा रहने भन्नुभएको छ। बुद्धले होसमा बस भन्ने गर्नुहुन्थ्यो। समय पालनाको सन्दर्भमा व्यक्ति त्यस्तै ढङ्गबाट होसमा रहनु पर्छ वा जागा रहनु पर्छ। होसमा रहन सके बहकिएको मनलाई तत्काल फर्काउन सकिन्छ। नकारात्मक कुरा मात्र गर्ने समूहमा पुगे जति सक्यो छिटो त्यहाँबाट बाहिर निस्कनु पर्छ भनिन्छ। बाटो बिराएको अवस्थाका बारेमा तत्काल थाहा पाउनु जागा रहनुको अवस्था हो। समय पालनामा सबैभन्दा महत्वपूर्ण अर्को पक्ष भनेको नियमितता र अनुशासनको पालना हो। मानिसले राम्रा बानी र कामलाई निरन्तरता दिनु पर्छ। अनुशासित भई सोको पालना गर्नु पर्छ। यही नियमितता र अनुशासन पालना नै समयको महषवप्रतिको संवेदनशीलता हो। समय आफैँमा राम्रो नराम्रो भन्ने हुँदैन, यसको लय एकनासको छ, परिवर्तनशील छ। मानिसको हरेक क्षण नयाँ रूपमा वर्तमान हुँदै भूतकाल बनिरहेको हुन्छ। त्यही हरेक क्षणलाई बुझेर काम गर्नुपर्ने रहेछ। दुःखमा परेको र खुसी भएको व्यक्तिलाई समान समय पनि फरक लाग्न सक्छ। समयसँग जोडिएका पात्रको बुझाइ, अनुभव र हरेक पल घटित घटनाका आधारमा राम्रो समय र खराब समय हुने हो। यससँग जोडिएका घटनाले मात्र समयलाई रङ दिने हुन्। तर समय आफैँमा त्यस्तो हुँदैन, यसमा निरन्तरता छ। निरन्तर रूपमा बगिरहेको छ। यसलाई समात्न सक्नु पर्नेरहेछ।ब

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## बग्दादस्थित अमेरिकी दूतावासमा आक्रमण

***बग्दाद, फागुन ३० गते ।***
इराकको राजधानी बग्दादस्थित अमेरिकी दूतावासमा शनिबार आक्रमण भएको सुरक्षा स्रोतहरूले बताएका छन् । बग्दादमा इरान समर्थित शक्तिशाली समूह काताइब हेजबुल्लाहलाई लक्षित गरी दुई वटा आक्रमणमा एक कमान्डरसहित यसका तीन सदस्यको मृत्यु भएको केही समयपछि दूतावासमा आक्रमण भएको थियो। लामो समयदेखि अमेरिका र इरानबीचको छद्म युद्धको मैदान रहेको इराकलाई फेब्रुअरी २८ मा इरानमाथि अमेरिका र इजरायलले आक्रमण गरेपछि मध्यपूर्व युद्धमा तानेको थियो। शनिबार बिहान विस्फोटको आवाज आएलगत्तै अमेरिकी कुटनीतिक नियोगमाथि कालो धुवाँको मुस्लो उठेको एएफपीका एक पत्रकारले बताएका छन् । दुई सुरक्षा अधिकारीहरूले एएफपीलाई बताएअनुसार दूतावास परिसरमा ड्रोनद्वारा आक्रमण भएको थियो। घटनाबारे अमेरिकी दूतावासले कुनै प्रतिक्रिया जनाएको छैन । युद्ध सुरु भएयता बग्दादस्थित अमेरिकी दूतावासमाथि दोस्रो पटक आक्रमण भएको छ । तेहरान समर्थित धेरै सशस्त्र समूहहरूलाई वाशिङ्गटनले 'आतङ्कवादी सङ्गठन' को रूपमा घोषणा गरेको छ । इराकमा इस्लामिक प्रतिरोध भनेर चिनिने इरान सहयोगी अभियान अन्तर्गत विभिन्न गठबन्धन गरिएको छ । इराक र यस क्षेत्रमा अमेरिकी आधारशिविरहरूमा दैनिक ड्रोन र रकेट आक्रमणको दाबी ती सङ्गठनहरूले गर्ने गरेका छन् । युद्ध सुरु भएदेखि इराकमा ती समूहका सदस्यहरूलाई लक्षित गरी गरिएका धेरै आक्रमणहरूमा अमेरिका र इजरायलमाथि आरोप लगाइएको छ।

पहिलो आक्रमण इरान समर्थित धेरै समूहहरूको उपस्थिति रहेको अरासतको छिमेकमा रहेको एक घरमा भएको थियो। त्यसको दुई घण्टापछि नहरावान जिल्लामा एउटा गाडीमा दोस्रो आक्रमण भएको थियो । सुरक्षा स्रोतहरूले सुरुमा दुई समूहका सदस्यहरू मारिएको बताएका थिए ।

इरान समर्थक स्रोतले एएफपीलाई बताएअनुसार पछि घरमा भएको आक्रमणमा मृत्यु हुनेको सङ्ख्या तीन पुगेको पुष्टि भएको छ । कमाण्डर अबु अली अल-अमिरीसहित तीन लडाकुका लागि काताइब हेजबुल्लाहले बग्दादमा अन्त्येष्टि जुलुस निकालेका थिए । स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त समूहका उच्च नेता अहमद अल-हमिदावी उक्त समूहको घरमा भएको आक्रमणमा घाइते भएका बताइएको छ। इरान समर्थक स्रोतले उक्त आक्रमण 'लक्षित हत्याको प्रयास' भएको बताएको छ।

अरासत जिल्लाका एक बासिन्दाले एएफपीसँग भने, "काताइब हेजबुल्लाहले कब्जा गरेको निकै साधारण देखिने घरबारे छिमेकमा कसैलाई पनि थाहा थिएन।" कुनै पनि स्रोतले इरान समर्थक गुटमाथि भएको आक्रमणमा कसको हात रहेको भन्ने कुरा बताएको छैन र कतैब हेजबुल्लाह समूहले भने यस विषयमा कुनै टिप्पणी गरेको छैन।



## इरानद्वारा युएईको विशाल तेलभण्डार केन्द्रमा आक्रमण


दुबई, फागुन ३० गते । इरानले संयुक्त अरब इमिरेट्स (यूएई) को फुजाइरा बन्दरगाहमा शनिबार ड्रोन हमला गरेको छ। यो हमला अमेरिकाले इरानको खार्ग द्वीपमा भीषण हमला गरेलगत्तै भएको हो । यूएईका अधिकारीहरूले फुजाइरामा लागेको आगो निभाउने कार्य भइरहेको जनाएका छन्। उनीहरूले हवाई प्रतिरोध प्रणालीले नष्ट गरेको ड्रोन खस्दा आगलागी भएको बताएका छन्। उक्त बन्दरगाह यूएईका निम्ति अत्यन्त महत्त्वपूर्ण स्थान हो भने मध्येपूर्वकै सबैभन्दा विशाल तेलभण्डार केन्द्रहरूमध्ये एक हो।

साथै पानीजहाजहरूमा इन्धन भर्नका निम्ति पनि यो महत्त्वपूर्ण स्थल हो।

फुजाइरा बन्दरगाह ओमानको खाडीमा पर्छ । त्यहाँ पुग्न पानीजहाजहरूलाई जलक्षेत्रमा युद्ध सुरु भएको दुई सातायता पानीजहाजको आवतजावत लगभग बन्द रहेको हर्मुज स्ट्रेट पार गर्नुपर्दैन।

ड्रोन हमलापछि अनलाइन माध्यममा देखिएका फुटेजमा यूएईको पूर्वी तटमा रहेको उक्त पूर्वाधार परिसरबाट बाक्लो धुवाँको मुस्लो उडिरहेको देखिएको थियो।

फुजाइरा बन्दरगाहमा ड्रोन हमला त्यतिखेर भएको छ जतिखेर इरानी



रिभोलूशनरी गाड्‌र्स कोर ९आईआरजीसी०ले अमेरिकाले उसको खार्ग द्वीपमा हमला गरेका कारण अब यूएईका बन्दरगाह तथा अमेरिकी सैन्य ठेगानाहरू आफ्नो निम्ति वैध निसाना बनेको जनाएको छ।

तेहरानको तेल उद्योग तथा समग्र अर्थतन्त्रका निम्ति खार्ग द्वीपको महत्त्व निकै रहेको मानिन्छ। यसैबीच, इरानी सेनाको खताम मुख्यालयका एक प्रवक्ता कर्णेल इब्राहिम जुल्फीगरीले यूएईका बन्दरगाहमा रहेका अमेरिकी क्षेप्यास्त्र तथा अमेरिकी सैनिक 'लुक्ने स्थल'हरूमा आक्रमण गर्ने इरानको वैध अधिकार भएको बताउनुभएको छ।

उहाँले हानिबाट जोगिन यूएईका सहरहरू खाली गर्न मुस्लिमहरूलाई आह्वान गर्नुभएको छ। । यसअघि अर्को खाडी देश कतारमा अमेरिकी व्यापारिक स्वार्थ जोडिएका कतिपय ठाउँहरू खाली गर्न अधिकारीहरूले आदेश दिएका थिए । इरानले तिनलाई वैध निसाना भनेपछि मानिसहरूलाई त्यहाँबाट अन्यत्र जान अधिकारीहरूले भनेका छन्। गुगल तथा 'अमेरिकन एक्सप्रेस'जस्ता अमेरिकी कम्पनीहरूको कार्यालय रहेको राजधानी दोहाको केन्द्रमा रहेको मुशेइरेब डिस्ट्रिक्टमा मानिसहरूलाई फोनमार्फत् ती ठाउँ छाड्न सावधान गराइएका सन्देश जारी गरिएका छन्।

## जीतपुरसिमरा ...

कार्यक्रममा उठेका गुनासाप्रति प्रतिक्रिया दिँदै नगर प्रमुख राजन पौडेल, उपप्रमुख भोला अधिकारी तथा प्रमुख प्रशासकीय अधिकृत डमबरु निरौला ले नागरिकका समस्या समाधान गर्न नगरपालिका प्रतिबद्ध रहेको बताएका थिए।

कार्यक्रममा चालु आर्थिक वर्षमा नगरपालिका तथा मातहतका निकायबाट भएका काम र उपलब्धिबारे पनि जानकारी गराइएको थियो। कार्यक्रममा नागरिकको उपस्थिति भने अपेक्षाकृत कम देखिएको थियो।

## अनिल ...

लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

सभाबाट अध्यक्षमा अनिल पाण्डेय, उपाध्यक्षमा राजेश तिवारी र धिरेन्द्र तिवारी, सचिवमा प्रधुमन दुबे, कोषाध्यक्षमा आसुतोष पाण्डेय, सह-सचिवमा दिलिप शुक्ला चयन भएका छन्।

सदस्यहरूमा संजय तिवारी, जटाशंकर मिश्रा, सुजित पाण्डेय, शिवशंकर मिश्रा, यश कुमार मिश्र, आनन्द तिवारी, शैलेन्द्र उपाध्याय, मोहन लामिछाने, अंजना खनाल, विजय पाण्डेय, वेद प्रकाश दुबे, संजय तिवारी, अनिल पाण्डेय, आनन्द तिवारी, तिलेन्द्र पुरुष ढकाल, चन्द्रभूषण शर्मा, कृष्ण मिश्रा, धिरेन्द्र दुबे र रामविनय दुबे रहेका छन्।

सल्लाहकारमा डा. विकेश पाण्डेय, अकलेश तिवारी, प्रेमलाल पाण्डेय, ज्ञानेन्द्र पाण्डेय, धर्मेन्द्र तिवारी, रामायण तिवारी, अरुण दुबे, शशिकान्त (पिटु) मिश्रा, विजय किशोर पाण्डेय, राकेश पाण्डेय, राजिव पाण्डेय, उमेश दुबे, चन्द्र किशोर पाण्डेय, विनायक ठाकुर र अरुण कुमार तिवारी रहेका छन्।

## समानुपातिक ...

समानुपातिक सांसद बनाउने निर्णय एमालेले गरेको छ। पार्टीले समानुपातिक प्रणालीअन्तर्गत समावेशी प्रतिनिधित्वलाई ध्यानमा राख्दै विभिन्न समुदायबाट सांसद चयन गरिएको जनाएको छ।

## मुख्यमन्त्री यादव ...

मुख्यमन्त्री यादवले प्रदेशको प्रशासनिक र सुरक्षा संरचना बलियो बनाउन आवश्यक कदम चाल्ने आश्वासन दिँदै प्रदेशको विकास, जनसुरक्षा र अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताए। उनले बालेन शाहले जगाएको आशालाई सही ढंगले अघि बढाएर प्रदेशमा संविधानले दिएका अधिकार प्राप्त गराउने प्रतिवद्धता व्यक्त गरे। यस कार्यक्रमले प्रदेश सरकारको विकास र सुरक्षा पूर्वाधार विस्तारमा नयाँ सुरुवातको संकेत गरेको विश्लेषकहरूले उल्लेख गरेका छन्।

## श्रम संस्कृति पार्टीले टुंग्यायो समानुपातिक सांसदको नाम

***काठमान्डौ ,फागुन ३०।***
श्रम संस्कृति पार्टी ले प्रतिनिधिसभाको समानुपातिक प्रणालीमार्फत पठाउने चार सांसदको नाम टुंगो लगाएको छ। फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीले चार सिट पाएको थियो।

निर्वाचन परिणामअनुसार पार्टीले समानुपातिकतर्फ ३ लाख ८५ हजार ९०२ मत प्राप्त गरेको थियो। ती मतका आधारमा चार जना सांसद पठाउने अवसर पाएपछि पार्टीभित्र केही समय आन्तरिक विवाद पनि देखिएको थियो।

पार्टीकी केन्द्रीय कोषाध्यक्ष समिता राई का अनुसार विवादबीच अन्ततः चार जनाको नाम टुंगो लागेको हो। पार्टीले आदिवासी महिला समूहबाट हेटौँडाकी मन्दिरा मोक्तान, खसआर्य महिला समूहबाट अम्बिका सङ्ग्रौला, दलित कोटाबाट सुर्खेतकी राधिका रम्तेल, र आदिवासी जनजाति समूहबाट पूर्व गोर्खा लाहुरे पूर्ण लिम्बू लाई समानुपातिक सांसदका लागि सिफारिस गरिएको छ।

पहिले समानुपातिक सूचीबारे पार्टीभित्र तीव्र मतभेद देखिएको थियो। सोही विवादका कारण खसआर्यतर्फ पहिलो नम्बरमा रहेका जीवन विष्ट ले आफ्नो नाम फिर्ता लिएको घोषणा गरेका थिए। उनले सामाजिक सञ्जालमार्फत पदका लागि विवाद गर्नु उचित नभएको र पार्टी तथा अध्यक्ष हर्क साम्पाङ र मतदाताप्रतिको सम्मानका कारण आफ्नो नाम फिर्ता लिएको बताएका थिए।

पार्टीका अध्यक्ष तथा नव निर्वाचित प्रतिनिधिसभा सदस्य हर्क साम्पाङ ले पनि सामाजिक सञ्जालमार्फत समानुपातिक विषयमा अनावश्यक विवाद नगर्न चेतावनी दिएका छन्। उनले पार्टीभित्र रोइलो गर्नेहरूलाई साधारण सदस्यसम्म नरहने गरी कारबाही गर्ने चेतावनी दिएका थिए। प्रतिनिधिसभा निर्वाचनमा श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ खोटाङ, भोजपुर र सुनसरी-१ मा विजय हासिल गर्दै तीन सिट जितेको थियो। समानुपातिकतर्फ थ्रेसहोल्ड कटाएर पार्टीले राष्ट्रिय दलको हैसियत कायम गरेको छ।


जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"


निजगढ नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"


फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"


वीरगंज महानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"


महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"


करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।




जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"


जीतपुरसिमरा उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

# अनिल पाण्डेयको अध्यक्षतामा ब्राह्मण समाज नेपाल बाराको तदर्थ समिति गठन

**सरोज दास-**
**कलैया, फागुन ३० ।** लामो समयदेखि हुन नसकेको जिल्ला अधिवेशन अघि बढाउन ब्राह्मण समाज नेपाल, बारा ले तदर्थ समिति गठन गरेको छ। जिल्ला सभाले अनिल कुमार पाण्डेय को अध्यक्षतामा नयाँ समिति चयन गरेको छ। समितिले आगामी ६ महिनाभित्र बाराका सबै स्थानीय तहमा पालिका स्तरीय समिति गठन गरी जिल्ला अधिवेशन सम्पन्न गर्ने जिम्मेवारी पाएको छ।





कार्यक्रमका प्रमुख अतिथि तथा केन्द्रीय उपाध्यक्ष एवं मधेश प्रदेश प्रमुख देवनाथ उपाध्याय ले भने, अधिवेशन तोकिएको समयमा सम्पन्न गर्न नसके एक पटक थप ६ महिनासम्म म्याद थप गर्न सकिने व्यवस्था रहेको बताए। उनले ब्राह्मण समाजलाई जिल्लाभर सुदृढ, संगठित र सक्रिय बनाउँदै स्थानीय तहसम्म संरचना विस्तार गर्नु अहिलेको प्राथमिकता भएको बताए।
कार्यवाहक अध्यक्ष मुक्तिनाथ तिवारी को अध्यक्षतामा सम्पन्न कार्यक्रममा एमाले बारा अध्यक्ष अध्यानन्द पाण्डेय , केन्द्रीय संस्थापक सचिव अरुण दुबे, केन्द्रीय सचिव प्रेमलाल पाण्डेय, सह-कोषाध्यक्ष रामबिहारी पाण्डेय, ज्योतिष परिषद् नेपाल मधेश प्रदेश अध्यक्ष ज्ञानेश्वर तिवारी

बाँकी तेस्रो पृष्ठमा

# ग्यास लुकाइछिपाइ राखेको आरोपमा पोखराका एक डिलरलाई ५० हजार जरिवाना

**पोखरा, फागुन ३० –**
एलपी ग्यास लुकाइछिपाइ भण्डारण गरेर कृत्रिम अभाव सिर्जना गरेको आरोपमा पोखराका एक ग्यास डिलरलाई जिल्ला प्रशासन कार्यालयले कारबाही गरेको छ।
जिल्ला प्रशासन कार्यालय कास्की को अनुगमन टोलीले पोखरा-६ जरेवर मा रहेको भण्डारी ट्रेडर्स लाई ५० हजार रुपैयाँ जरिवाना गरेको हो।
प्रमुख जिल्ला अधिकारी रूद्रादेवी शर्मा का अनुसार उक्त डिलरले १४.२ केजी क्षमताका ४८ वटा ग्यास सिलिन्डर अनुचित रूपमा लुकाइछिपाइ राखेर बजारमा कृत्रिम अभाव सिर्जना गरेको पाइएको थियो। सोही आधारमा उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम जरिवाना गरिएको उनले बताइन्।
शनिबार गरिएको अनुगमनका क्रममा उक्त डिलरबाट एउटा सिलिन्डरबाट अर्को सिलिन्डरमा ग्यास सार्ने उपकरणसमेत फेला परेको सिडिओ शर्माले जानकारी दिइन्।



अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्साल र चित्रांगत बराल सहित उपभोक्ता अधिकारकर्मीहरूको सहभागिता रहेको थियो। टोलीले पोखराका पाँच वटा ग्यास डिलरहरूको अनुगमन गरेको थियो।
अनुगमनका क्रममा तीन वटा डिलरमा अनुचित भण्डारण नभेटिएको तथा एउटा डिलरमा ३२४ वटा ग्यास सिलिन्डर झार्दै गरेको अवस्थामा फेला परेको निरीक्षण अधिकृत लम्सालले जानकारी दिए।
यसअघि प्रमुख जिल्ला अधिकारी शर्माको अध्यक्षतामा बसेको बैठकले ग्यास डिलरहरूले प्राप्त परिमाण र दैनिक वितरणको अभिलेख अनिवार्य राख्ने, अनुचित भण्डारण नगर्ने, प्रमाणपत्र प्राप्त व्यवसायीले मात्र ग्यास बिक्री गर्ने र ज्येष्ठ नागरिक तथा विद्यार्थीलाई प्राथमिकता दिने निर्णय गरेको थियो। साथै ग्यास बिक्री वितरणसम्बन्धी अनुगमनलाई अझ प्रभावकारी बनाउने निर्णयसमेत गरिएको छ।

# कतारमा रहेका नेपालीलाई साउदी हुँदै नेपाल फर्किंदा पर्यटक भिसा अनिवार्य: राजदूतावासको सुझाव

काठमाडौं, फागुन ३० -
कतारको दोहा स्थित नेपाली राजदूतावासले मध्यपूर्वमा बढ्दै गएको घटनाक्रमका कारण कतारमा रहेका नेपाली नागरिकलाई साउदी अरब हुँदै नेपाल फर्किंदा अनिवार्य रूपमा पर्यटक भिसा लिन आग्रह गरेको छ।



राजदूतावासका अनुसार, कतारमा वैध आवासीय अनुमति (कतार आईडी) भएका नेपाली र साउदी अरबको विमानस्थल प्रयोग गरी नेपाल फिर्ता हुनेहरूलाई साउदीको पर्यटक भिसा आवश्यक छ। भिसा प्राप्त गर्न इच्छुकहरूले दोहास्थित तशीर साउदी भिसा सेवा केन्द्रमार्फत अग्रिम अपोइन्टमेन्ट बुक गरी आवेदन दिनुपर्ने बताएको छ। उक्त सेवा केन्द्र एजदान मल अल घराफामा अवस्थित छ।
भिसा आवेदन प्रक्रिया तथा आवश्यक कागजात सम्बन्धी जानकारीका लागि सेवाग्राहीहरूले केन्द्रको फोन नम्बर ५०६६०६२२ मा सम्पर्क गर्न सक्ने राजदूतावासले जानकारी दिएको छ। दूतावासले यात्रा अघि सबै प्रक्रिया पूरा गरी मात्र विमानस्थलमा जान सुझाव दिएको छ।
यो कदमले कतारमा रहेका नेपालीको सुरक्षित र कानुनी रूपमा स्वदेश फिर्ता सुनिश्चित गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

# मनकामना दुर्घटनामा परि ७ जनाको घटनास्थलमै मृत्यु, ८ घाइते

**पोखरा, फागुन ३० –**
गोरखाको मनकामना मन्दिर दर्शन गरेर फर्किँदै गरेको विद्युतीय (ईभी) गाडी दुर्घटना हुँदा ७ जना भारतीय नागरिकको घटनास्थलमै मृत्यु भएको छ भने ८ जना घाइते भएका छन्।
घटनास्थलमा उद्धारमा खटिएका दीपक पाण्डे, शहिद लखन गाउँपालिका वडा नं ३ का अध्यक्ष, ले रातोपाटीलाई जानकारी दिएका अनुसार गाडीमा १५ जना भारतीय नागरिक सवार थिए। तीमध्ये ७ जनाको घटनास्थलमै ज्यान गएको छ भने बाँकी ८ जनालाई उद्धार गरिएको छ।
घाइतेमध्ये ७ जनाको उपचार आँबुखैरेनीस्थित अस्पतालमा भइरहेको छ भने गम्भीर घाइते एक जनालाई थप उपचारका लागि भरतपुर पठाइएको छ। अन्य घाइतेहरूको अवस्था सामान्य रहेको बताइएको छ। घटनास्थलबाट केही शव निकाल्न सशस्त्र प्रहरीको टोली खटिएको थियो।



वडाध्यक्ष पाण्डेका अनुसार दुर्घटना राति करिब ८ बजे भएको हो। गाडी सडकबाट करिब १५०-२०० मिटर तल खसेको थियो। प्रारम्भिक अनुमान अनुसार ओरालो बाटोमा गाडी तातेर ब्रेक फेल भएको हुन सक्छ।
“बाटो बन्दै गरेको र ढलान पनि त्यस्तै छ। बाटो निकै ठाडो र अप्ठ्यारो छ, त्यसमाथि पानी पनि परेको थियो। ब्रेक नलागेर गाडी तल खसेजस्तो लागेको छ। बाहिरको गाडीले पनि बाटोबारे ध्यान दिन नसकेको हुन सक्छ,” उनले बताए।

# आवश्यकभन्दा बढी ग्यास भण्डारण नगर्न निगमको आग्रह

**काठमाडौं, फागुन ३० –**
नेपाल आयल निगम ले उपभोक्तालाई आवश्यकताअनुसार मात्र एलपी ग्यास खरिद गर्न र अनावश्यक रूपमा भण्डारण नगर्न आग्रह गरेको छ।
निगमले शुक्रबार जारी गरेको विज्ञप्तिमा ग्यास उद्योगी तथा बिक्रेतालाई घरायसी प्रयोगका लागि ग्यास प्रयोग गर्ने उपभोक्तालाई प्राथमिकतामा राखेर बिक्री-वितरणको व्यवस्था मिलाउन निर्देशन दिएको जनाएको छ।



मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिमा विश्वव्यापी असर परिरहेको उल्लेख गर्दै निगमले हाल देशभर नियमित रूपमा ग्यास तथा पेट्रोलियम पदार्थको आपूर्ति भइरहेको जनाएको छ।
निगमले देशभरका ग्यास उद्योगलाई आफूहरूले बिक्रेतालाई उपलब्ध गराउने ग्यासको परिमाण, ठेगाना र सम्पर्क नम्बरसमेत उल्लेख गरी दैनिक बिहान १० बजेभित्र सार्वजनिक गर्न र निगमलाई जानकारी गराउन आग्रह गरेको छ। साथै बिक्रेताले उपभोक्तालाई बिक्री गरेको ग्यासको विवरण–नाम, सम्पर्क नम्बर र परिमाणसहित– सम्बन्धित उद्योगमार्फत दैनिक रूपमा निगमलाई उपलब्ध गराउन पनि भनिएको छ।
यसैबीच, आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाउन र उपभोक्ताले सहज रूपमा ग्यास प्राप्त गर्न सकून् भन्ने उद्देश्यले अर्को निर्णय नभएसम्म सबै ग्यास उद्योगले प्रति सिलिन्डर ७.१ किलोग्राम एलपी ग्यास भरी अधिकतम खुद्रा मूल्य ९५५ रुपैयाँ कायम गरी बिक्री-वितरण गर्नुपर्ने व्यवस्था गरिएको निगमले जानकारी गराएको छ।

# भारतीय स्कारपियोको ठक्करबाट पैदलयात्रीको मृत्यु, ११ जना घाइते

**संवाहक सम्वादाता-३०फागुन, कलैया**
औषधि व्यवस्था विभाग, वीरगञ्ज शाखा ले चालु आर्थिक वर्षमा ४१ औषधि पसलको प्रमाणपत्र निलम्बन गरेको छ। शाखा प्रमुख शम्भु साह का अनुसार अनुगमनका क्रममा विभिन्न अनियमितता भेटिएपछि ती पसलमाथि कारबाही गरिएको हो।
शाखाले चालु आर्थिक वर्षमा हालसम्म २८० औषधि पसलको अनुगमन गरिसकेको छ। यस वर्ष ४६० पसल निरीक्षण गर्ने लक्ष्य राखिएकोमा हालसम्म ६०.८ प्रतिशत प्रगति हासिल भएको शाखा प्रमुखले जानकारी दिएका छन्।



अनुगमनका क्रममा दर्ता नगरी सञ्चालनमा रहेका ३२ वटा पसल फागुन महिनामै दर्ता प्रक्रियामा आएका छन्। त्यसैगरी, यस आर्थिक वर्षमा २५ वटा उजुरी कार्यालयमा प्राप्त भएकोमा १८ वटा उजुरीको फछ्र्यौट भइसकेको छ। त्यसै अवधिमा अनुगमन टोलीले एक दर्जन औषधि उत्पादक उद्योगको निरीक्षण समेत गरेको शाखा प्रमुखले बताएका छन्।


## हार्दिक बधाई

हाम्रा प्रिय भाई, महागढीमाई नगरपालिका-९ पिप्राविर्ताका वडाअध्यक्ष दिलिप शुक्ला ब्राह्मण समाज नेपाल, बारा जिल्लाको जिल्ला भेलाबाट जिल्ला तदर्थ समितिको सह-सचिव पदमा चयन हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।



पन्नालाल दास
उपाध्यक्ष
नेपाल पत्रकार महासंघ बारा एवं
संवाहक रट्रिय दैनिक परिवार

## सोनु सेकुवा कर्नर

पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
- विभिन्न प्रकारका सेकुवा
- लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
- ताजा मासुका खाजा तथा खाना
- स्वादिलो नेपाली खाना
- सफा तथा आरामदायी वातावरण
- परिवार र साथीभाइसँग आउन उपयुक्त
- सुपथ मूल्यमा उत्कृष्ट स्वाद

